# "बुझौ वन्यजन्तुको आनिवानी, घटाऔ मानवसंगको द्वन्द्व र हानी नोक्सानी"
# ३० औ वन्यजन्तु सप्ताह, २०८२

रसुवा, नुवाकोट तथा सन्धुपाल्चोक जिल्लाको १७१० वर्ग किमि क्षेत्रफलमा फैलिएको यस लाङटाङ राष्ट्रिय निकुञ्ज क्षेत्र वन्यजन्तु तथा पर्या पर्यटनको लागी प्रख्यात तेस्रो गन्तव्यको रुपमा रहेको निकुञ्ज हो जून संघिय राजधानी काठमाडौंबाट नजिकको हिमाली निकुञ्ज पनि हो । नेपालमा हरेक वर्ष वन र वन्यजन्तु संरक्षणको महत्व तथा यसको दिगो उपयोगका लागि जनचेतना अभिबृद्धि गर्ने उद्देश्यले दीर्घकालीन प्रभाव पर्ने प्रकृतिका गतिविधि आयोजना गरी मनाइँदै आईएको वन्यजन्तु सप्ताहमा यस वर्ष पनि विभिन्न कार्यक्रम गरी सम्पन्न गरिएको छ । निकुञ्ज कार्यालय, गोसाईकुण्ड गाउँपालिका र लाङटाङ क्षेत्र संरक्षण सरोकार समाज (LAACOS) को संयुक्त आयोजनामा विगत पहिलाको वर्षहरुजस्तै यस निकुञ्जको चिनारीको रुपमा रहेको रेडपाण्डा (हाब्रे) लाई संरक्षणको केन्द्रमा राखी १३ औ रेडपाण्डा ट्रफी तथा चौथो गोसाईकुण्ड गाउँपालिका अध्यक्ष कप, २०८२ सम्पन्न भएको छ ।

**कार्यक्रम तालिका**

१) मिति २०८२/०१/०१ गते निकुञ्ज मुख्यालयमा शुभकामना आदानप्रदान तथा संरक्षण संवाद कार्यक्रम




निकुञ्ज मुख्यालयमा शुभकामना आदानप्रदान कार्यक्रम तथा संरक्षण संवाद कार्यक्रममा जिल्ला समन्वय समिति, रसुवाका उपप्रमुख श्री विजय लामा, गोसाईकुण्ड गाँउपालिकाका प्रमुख श्री कैसाङ नुर्पु तामाङ, रसुवा जिल्ला अदालतका न्यायाधीस श्रीमान् भुवनसिंह थापा, जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी श्री अर्जुन पौडेल, श्री श्रीनाथ गणका निमित्त गणपती श्री यादव पौडेल, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अध्यक्ष श्री उत्तम बहादुर थापा, लाङटाङ क्षेत्र संरक्षण सरोकार समाज (LAACOS) का अध्यक्ष श्री संतोष घले, विविन्न सरकारी कार्यालयका प्रतिनिधीहरु,

नागरीक समाज, संरक्षण सरोकारवालाहरु तथा अन्य प्रतिनिधिहरुको उपस्थितीमा कार्यक्रम सम्पन्न भएको । कार्यक्रममा प्रतिनिधिहरुले संरक्षण तथा दिगो विकालाई सँगसँगै लानुपर्ने मत राखु भएको थियो ।




२) मिति २०८२/०१/०२ गते घट्टेखोला तथा मिनि गोसाईकुण्ड क्षेत्रमा सरसफाई कार्य गरीएको

पर्यटकीय क्षेत्र गोसाईकुण्ड जाने प्रमुख पर्यटक पदमार्गको रुपमा रहेको घट्टेखोला तथा मिनि गोसाईकुण्ड क्षेत्रमा निकुञ्ज, नेपाली सेना तथा संरक्षण सरोकारवालाहरुको उपस्थितिमा सरसफाई कार्यक्रम सम्पन्न भयो ।









३) मिति २०८२/०१/०३ गते १३ औं रेड पाण्डा ट्रफी तथा पालिका अध्यक्ष कप भलिवल खेल सुरु

मिति २०८२/०१/०३ गते वन तथा वातावरण राज्य मन्त्री रुपा वि.क.ज्यु आथित्यतामा १३ औं रेडपाण्डा ट्रफी तथा चौथौ गोसाईकुण्ड गाउँपालिका अध्यक्ष कप, २०८२ को शुभारम्भ भयो । उक्त अवसरमा नेपाली, सेना, स्थानिय कलाकारहरुको झाँकी सहित संरक्षण र्‍याली समेत भएको थियो । साथै वन तथा वातावरण राज्य मन्त्री रुपा वि.क.ज्यु

तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उप महानिर्देशक श्री वेद कुमार ढकाल ज्यू समेतलाई यस निकुञ्ज कार्यालयमा स्वागत गरी निकुञ्ज कार्यालयले भए गरेको कार्यको साथै वर्तमान समस्याहरुको वारे छलफल तथा आगामि कार्यदिशाको वारेमा श्रीमान् उप महानिर्देशकज्यूवाट निर्देशन भएको ।








४) मिति २०८२/०१/०४- ०१/०५ गते सम्म १३ औं रेड पाण्डा ट्रफी तथा चौथो पालिका अध्यक्ष कप भलिवल खेल नियमित सुचारु



५) मिति २०८२/०१/०६गते १३ औं रेड पाण्डा ट्रफी तथा चौथो पालिका अध्यक्ष कप भलिवल खेलको समापन कार्यक्रम

मिति २०८२/०१/०६ गते नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरूङ्ग ज्यूको उपस्थितीमा १३ औं रेडपाण्डा ट्रफी तथा चौथौ गोसाईकुण्ड गाउँपालिका अध्यक्ष कप, २०८२ को समापन कार्य सम्पन्न भएको । उक्त अवसरमा सरोकारवालाहरुले दिगो विकास गरी अर्थतन्त्रमा टेवा पुर्याउनुपर्नेमा जोड दिनुभएको थियो । साथै स्थानिय कला संस्कृती झल्कने झाँकिहरु समेत निकालिएको थियो । साथै साँझ स्थानीय तथा राष्ट्रिय कलाकारहरुबाट हरित साँस्कृतिक कार्यक्रम सम्पन्न भएको थियो ।








६) मिति २०८२/०१/०७ गते ३० औ वन्यजन्तु सप्ताह, १३ औ रेडपाण्डा ट्रफी तथा चौथौ गोसाईकुण्ड गाउँपालिका अध्यक्ष कप, २०८२ समेत सम्पन्न

मिति २०८२/०१/०७ गते १३ औ रेडपाण्डा ट्रफी तथा चौथौ गोसाईकुण्ड गाउँपालिका अध्यक्ष कप, २०८२ गते भलिबल खेल सम्पन्न भएको, साथै निकुञ्ज कार्यालय तथा गोसाईकुण्ड गाउँपालिका विच मैत्रिपुर्ण खेल समेत भएको थियो । भलिबल खेलमा निकुञ्ज कार्यालय तथा गोसाईकुण्ड गाउँपालिकाबाट पुरस्कार तथा ट्रफी वितणको कार्य सम्पन्न भयो । साथै निकुञ्ज कार्यालयय, गोसाईकुण्ड गाउँपालिका र लाङटाङ क्षेत्र संरक्षण सरोकार समाजको संयुक्त आयोजनामा नियमित रुपमा संरक्षणको कार्य गरीरहने भन्ने समिक्षा बैठकबाट पारीत गरियो ।




१३ औं रेडपाण्डा ट्रफि तथा चौथो नेपाल ग्रामिण
चलचित्र महोत्सव-२०८२


चौथो गोसाईकुण्ड गाउँपालिका
१३ औं रेडपाण्डा ट्रफि तथा
चौथो नेपाल ग्रामिण चलचित्र महोत्सव-२०८२


टिमुरे
थुमन
लाङटाङ
बृद्दिम
स्याफ्रु
धुन्चे
३० औं बन्यजन्तु सप्ताह
चौथौं गोसाईकुण्ड गाउँपालिका अध्यक्ष कप तथा
सह-आयोजक
LACCoS
conserve to live
आयोजक
लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय, रसुवा
गोसाईकुण्ड गाउँपालिका, रसुवा

जय संरक्षण ।